भूमे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङ बगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

भूमे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खाबाङबगर, रुकुम (पूर्व) लुम्बिनी प्रदेश, नेपाल २०७३

प.सं. :-२०७७/७८ मिति :- २०७७/१२/२४

च.नं.:-१८८१

विषय :- सुचना टाँस गरी जानकारी गराउने सम्बन्धमा ।

श्री वडा कार्यालय सबै
भूमे गाउँपालिका, रुकुम (पूर्व) ।

प्रस्तुत विषयमा भूमे गाउँ कार्यपालिकाको कार्यालय, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्व) को आ.व. २०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत लुम्बिनी प्रदेश सरकारबाट शसर्त हस्तान्तरित कार्यक्रम अनुसार स्थानिय तह मार्फत संचालन हुने कोभिड विशेष कृषि कार्यक्रम तर्फ साना कृषि औजार तथा यन्त्र उपकरणमा अनुदान कार्यक्रम, कोभिड प्रभावित भई गाउँ फर्केका कृषकहरुलाई उत्पादन सामाग्रीमा अनुदान कार्यक्रम र एक स्थानीय तह एक उत्पादन (तरकारी) कार्यक्रम सुचना थान तीन (३) त्यहाँ वडा कार्यालको सुचना पाटीमा टाँस गरी वडाबासी कृषक/निजी कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्थाहरुलाई जानकारी गराई सो को जानकारी पठाउनुहुन अनुरोध छ ।

२०७७/१२/२४
..........................
(प्रेम प्रसाद भट्टराई)
अधिकृत (छैटौं)

प्रेम प्रसाद भट्टराई
अधिकृत (छैटौं)

भूमे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङ बगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

**कोभिड प्रभावित भई गाउँ फर्केका कृषकहरुलाई उत्पादन सामाग्रीमा अनुदान कार्यक्रम माग सम्बन्धि सुचना ।**

**प्रथम पटक प्रकाशित मिति :- २०७७/१२/२४**

प्रस्तुत विषयमा भूमे गाउँ कार्यपालिकाको कार्यालय, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्व)को आ.व.२०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत लुम्बिनी प्रदेश सरकारबाट शसर्त हस्तान्तरीत कार्यक्रम अनुसार स्थानिय तह मार्फत सन्चालन हुने कोभिड विशेष कृषि कार्यक्रम तर्फ कोभिड प्रभावित भई गाउँ फर्केका कृषकहरुलाई उत्पादन सामाग्रीमा अनुदान कार्यक्रम सन्चालन गर्नुपर्ने भएकोले भूमे गाउँपालिका भित्रका कृषकहरुले तपशिलका आवश्यक कागजातहरु सहित सुचना प्रकाशन भएको मितिले १५ दिन (मिति २०७८/०१/०८ गत्ते) भित्र भूमे गाउँपालिका, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्व)मा माग गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

तपशिलः

| क. | विवरण | क्षेत्रफल वा संख्या | अनुदान रकम | कैफियत |
|---|---|---|---|---|
| १. | कोभिड प्रभावित भई गाउँ फर्केका कृषकहरुलाई उत्पादन सामाग्रीमा अनुदान कार्यक्रम | प्रति कृषक बालीवस्तु फलफूल तथा तरकारीको हकमा कम्तिमा २ रोपनी क्षेत्रफलगा गर्नुपर्ने, मौरीपालनको हकमा कम्तिमा ५ घार र गोला, च्याउ खेतीको हकमा कम्तिमा च्याउ घर र १०० वल (पोका), कुखुरापालनको हकमा कम्तिमा ५० चल्ला, बंगुर तथा बाखपालनको हकमा कम्तिमा ५ वटा पाठापाठी हुनुपर्ने । | प्रति कृषक/अनुदानग्राही कृषि तथा पशुपंन्छी सामाग्री खरिद गरेको बिल रकमको ५० प्रतिशतले अधिकतम रु.२०,०००।— (अक्षरुपी रु. बीस हजार मात्र) पाईनेछ । | परिवारको कुनै पनि सदस्य वैदेशिक रोजगारमा नभएको नेपाल भित्र सरकारी, अर्धसरकारी वा निजी क्षेत्रमा रोजगारमा नभएको र स्वरोजगारबाट मासिक रु.१०,०००।— (अक्षरुपी रु.दश हजार मात्र) भन्दा बढी आम्दानी नभएको र हालैको कोभिडको कारण विदेशबाट फर्केको परिवारको प्रति परिवार १ जना भन्दा बढी नहुने, अन्य कुनै कार्यक्रमहरुमा मौका नपाएका कृषकहरुलाई प्राथमिकता दिइने छ । |

पेश गर्नुपर्ने आवश्यक कागजातहरुः

- कृषकले भरेको अनुसूची-३, अनुसारको आवेदन फारम ।
- कृषकको नागरिकता वा परिचय खुल्ने प्रमाण पत्र वा विदेशबाट फर्केको भए प्रमाणपत्रको प्रतिलिपी ।
- कृषकले भरेको अनुसूची-४, अनुसारको प्रस्ताव ढाँचा ।
- सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र (सिफारिस पत्रमा परिवारको कुनै पनि सदस्य वैदेशिक रोजगारमा नभएको, नेपाल भित्र सरकारी, अर्धसरकारी वा निजी क्षेत्रमा रोजगारमा नभएको, स्वरोजगारबाट मासिक रु.१०,०००।— (अक्षरुपी रु.दश हजार मात्र) भन्दा बढी आम्दानी नभएको, हालैको कोभिडको कारण भारत लगायत अन्य देशबाट फर्केको परिवारको प्रति परिवार १ जना सम्म मात्र र अन्य कुनै कार्यक्रमहरुमा मौका नपाएको) प्रस्त रुपमा खुलेको हुनुपर्नेछ ।

सम्पर्कको लागिः

१. ना.प्रा.स. विशाल पुन मगर :- ९८१३६०८६९६, ९८०१३३२३३५
२. ना.प्रा.स. शिखर विश्वकर्मा :- ९८०६२९११२५

..............................
(चन्द्रसिंह श्रेष्ठ)
प्रमुख प्रशासकीय अधिकृत

खाबाङबगर, रुकुम (पूर्व), लुम्बिनी प्रदेश, नेपाल | सम्पर्क फोन नं. +९७७-९८०१३३२३८३, ९८०९८१८७७७, ९८०१३३२३३३
इमेल: info@bhumemun.gov.np, bhumemun@gmail.com, वेबसाइट: www.bhumemun.gov.np